**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ १४ गते बुधबार ❑ 28 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## नेपालमा वंशवादमा आधारित निरङ्कुश राजतन्त्र सम्भव छैन : अध्यक्ष दाहाल

**पोखरापत्र संवाददाता**
गोरखा, १३ जेठ

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपालमा वंशवादमा आधारित निरङ्कुश राजतन्त्र अब असम्भव भएको बताउनुभएको छ।

गोरखास्थित भीमसेन थापा गाउँपालिकाको प्रशासकीय भवनको मंगलबार उद्घाटन गर्दै उहाँले राजावादीले गर्न लागेको भनिएको आन्दोलनतर्फ लक्षित गर्दै २१ औँ शताब्दीको युगमा निरङ्कुशतन्त्र र वंशवादलाई जनताले स्वीकार गर्न नसक्ने बताउनुभयो।

नेपाली जनताले युद्ध र आन्दोलनबाट ल्याएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई कसैले फर्काउन नसक्ने अध्यक्ष दाहालको भनाइ छ। "राजावादी आन्दोलनका नाममा तीनकुने घटनापछि एउटा पात्र पछाडि राखेर फेरि अर्को पात्र सिङ्गारपटार गरेर अगाडि ल्याउन खोजिएको छ", उहाँले भन्नुभयो, "यही १५ गतेदेखि फेरि आन्दोलनको कुरा गरिरहेका छन्, त्यो सफल त हुनेवाला छैन, तर पनि हामी सजग त



हुनुपर्छ।"

अध्यक्ष दाहालले जनतामा नैरास्यता बढाउने काम नगर्न आफूहरूले सरकारलाई पनि निरन्तर खबरदारी गर्दै आएको बताउनुभयो। उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्र आएपछि नेपालमा गुणात्मक सुधार आएको उल्लेख गर्दै यसलाई थप सुदृढ गर्दै लैजानुपर्नेमा जोड दिनुभयो। शान्ति, संविधानसभा र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको निम्ति कांग्रेस र माओवादीबीच ऐतिहासिक सम्बन्ध बनेको भन्दै उहाँले शान्तिलाई दिगो बनाउनका लागि दुई दल मिलेर जानुको विकल्प नभएको उल्लेख गर्नभयो। "राजनीति र अरु कुरामा आफ्ना-आफ्ना फरक मत र विचार भए पनि शान्ति सम्झौतालाई दिगो बनाउन हामी मिलेर जानुको विकल्प छैन", अध्यक्ष दाहालको भनाइ थियो।

यसै गरी गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले लोकतान्त्रिक गणतन्त्रको विकल्प राजतन्त्र हुन नसक्ने बताउनुभएको छ। गोरखाको भीमसेन थापा गाउँपालिकाको नव निर्मित भवनको उद्घाटन गर्दै उहाँले गणतन्त्रपछि केही भएन भन्नेहरूले गणतन्त्रअघिको अवस्थालाई राम्रोसँग बुझ्न सक्नुपर्ने बताउनुभयो। "केही राजनीतिक कारणले गर्दा जति हुनुपर्थ्यो त्यति भएन नै होला, जति हुनसक्थ्यो त्यति पनि भएन होला," उहाँले भन्नुभयो, "तर केही भएन भनेर भाष्य निर्माण गर्न खोजेर केही प्रतिगामीले राजतन्त्रको कुरा गरेका छन्, त्यो हामीले बुझ्नुपर्छ।" सत्ता स्वार्थका लागि आफुले गुमाएको सत्ता फर्किन्छ की भन्ने मनसाय बोकेर प्रतिगामी तत्वहरूले जनतालाई भ्रमित पार्ने काम गरिरहेको उहाँको भनाइ छ। "यो संविधान र व्यवस्था लामो बलिदान र धेरै जनताको कुर्वानीबाट आएको व्यवस्था हो," उहाँले भन्नुभयो, "त्यसैले यसको रक्षा गरेर आवश्यकताअनुसार जनताको पक्षमा हुने गरी संशोधन गर्दै अगाडि जाने वातावरण हामीले बनाउनुपर्छ।" संविधानमा लेखिएका कतिपय अधिकारका बारेमा सङ्घीय कानुन निर्माण नहुँदा स्थानीय सरकार र प्रदेश सरकारले चाहे जति काम गर्न नसकेको उहाँले बताउनुभयो। "तीनै तहका सरकारका आआफ्ना एकल अधिकार र साझा अधिकार भए पनि कानुन बन्न नसक्दा अझै समस्या छ", उहाँले भन्नुभयो, "चाहे त्यो निजामति विधेयक होस्, चाहे प्रहरी समायोजन वा शिक्षासम्बन्धी विधेयक होस्।" कानुन समयमा निर्माण नगर्ने अनि काम गर्न सकेन भनेर स्थानीय र प्रदेश सरकारलाई बदनाम गर्न खोजिएमा व्यवस्थामै चुनौती आउने उहाँको भनाइ छ।

## मानव अधिकारको सम्मान र संरक्षण जरूरी: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १३ जेठ



गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले मानव अधिकारको सवालमा आफू सचेत हुनुपर्ने र अरूको सम्मान गर्नुपर्ने बताउनुभएको छ।

राष्ट्रिय मानव अधिकार आयोगको२५औंवार्षिकोत्सवका अवसरमा आयोगको गण्डकी प्रदेश कार्यालयले आयोजना गरेको वार्षिकोत्सव समारोहमा प्रदेश प्रमुख भट्टले आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकार हनन भए नभएको बारे ख्याल गर्न जरुरी रहेको बताउनुभयो।

सबैले जिम्मेवारीपूर्वक आफ्नो हक प्रयोग गर्दा मात्र समतामूलक र न्यायपूर्ण समाज निर्माण गर्न सकिनेमा प्रदेश प्रमुख भट्टको जोड छ। 'हामी सबै आफ्नो अधिकारप्रति सचेत र अरूका अधिकारप्रति सम्मान गर्न सक्नुपर्दछ। विधिको शासन लोकतन्त्र र मानव अधिकारको मेरुदण्ड हो।' उहाँले भन्नुभयो - 'लोकतन्त्र, मानव अधिकार र कानूनी शासन एक अर्काका परिपूरक रहेका छन्। मुलुकमा सुशासन र विकासका लागि यस्ता संस्थाहरूको सम्वर्द्धन जरूरी छ।' मुलुकमा मानव अधिकार संस्कृतिको विकास गर्दै मानव अधिकारको सम्मान र संरक्षण गर्नमा आयोगले आफ्नो स्थापनाकालदेखि नै महत्वपूर्ण योगदान गर्दै आइरहेको उल्लेख गर्नुहुँदै भट्टले आयोगले निरन्तर पर्यवेक्षण र अनुगमन गरी प्राप्त सुझावबाट नेपाल सरकारलाई मानव अधिकार संरक्षण गर्न थप मद्धत पुऱ्याएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो - 'मानव अधिकारप्रतिको आफ्नो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व पूरा गर्नको लागि नेपाल सरकारलाई योजना बनाउन र त्यसको कार्यान्वयन गर्ने चरणमा समेत आयोगले पुऱ्याउँदै आइरहेको सहयोगप्रति पनि धन्यवाद छ।' मानव अधिकार मानिसले जन्मसिद्ध रूपमा प्राप्त गरी स्वतन्त्रतापूर्वक उपभोग गर्न पाउने आधारभूत अधिकार रहेको र यी अधिकारहरू मानिसको मानव मर्यादा, इज्जत र प्रतिष्ठाका लागि सिर्जित भएको हुँदा मानिसलाई मानिस भएर बाँच्नका लागि अपरिहार्य रहेको उहाँको भनाई छ।

'मानव अधिकार मानिसको रूपमा जन्मेकै कारण मानव मात्रले पाउने नैसर्गिक अधिकार हो।

मानव अधिकार अन्तराष्ट्रिय कानूनद्वारा सिर्जना हुने र राष्ट्रिय कानुनद्वारा कार्यान्वयन हुने हो।' प्रदेश प्रमुख भट्टले भन्नुभयो-'मानवले मानव भएर बाँच्न पाउनुपर्दछ भन्ने विश्वव्यापी धारणा मात्र होइन, यो आजको अपरिहार्य आवश्यकता हो।' राजनैतिक संरक्षण तथा दण्डहिनताको संस्कृतिले मानव अधिकारको सिद्धान्तलाई उपेक्षा गर्ने हुनाले यसतर्फ सबैपक्ष सचेत बन्नुपर्ने उहाँले बताउनुभयो। 'मानव अधिकार रक्षकलाई कार्यसम्पादनका लागि डरत्रास रहित सुरक्षित वातावरण जरूरी छ। मानव अधिकार रक्षकको संरक्षणले मानव अधिकारको सम्मान, लोकतन्त्रको संवर्द्धन, सुशासन, दिगो विकास र विधिको शासनको सम्मानजस्ता बृहत् उद्देश्यहरूलाई टेवा पुग्दछ।' उहाँले भन्नुभयो। मानव अधिकार सम्बन्धी जनचेतनाको अभाव रहेको हुँदा मानवअधिकार शिक्षालाई विद्यालय पाठ्यक्रममा समावेश गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले थप्नुभयो - 'मानव अधिकारको सम्मान र संरक्षण सबैको दायित्व हो। यसको पालनाका लागि सबै पक्ष उत्तिकै जिम्मेवार रहनुपर्ने हुन्छ।'

## उच्च पर्वतीय विपद् व्यवस्थापन अभ्यासमा सेना

**पोखरापत्र संवाददाता**
पोखरा, १३ जेठ

नेपाली सेनाको पश्चिम पृतना हेडक्वाटर, पोखराले उच्च पर्वतीय क्षेत्रमा हुने विपद् व्यवस्थापनसम्बन्धी अभ्यास कार्यक्रम 'अभ्यास हातेमालो-२०८२' सुरु गरेको छ।

गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा सेनाले उच्च पर्वतीय विपद् पूर्वतयारी र प्रतिकार्य अभ्यास सञ्चालन गरेको हो। आइतबार र सोमबार पोखरामा उच्च पर्वतीय विपद् व्यवस्थापनका विषयमा अभ्यास गरिएकामा बिहीबारदेखि मुस्ताङको जोमसोममा प्रयोगात्मक अभ्यास हुने पृतनाका महासेनानी विक्रमदेव गिरीले जानकारी दिनुभयो।

जोमसोम र नीलगिरि हिमाल क्षेत्रमा विपद् व्यवस्थापनसम्बन्धी नमूना अभ्यास हुने उहाँले बताउनुभयो। अभ्यासमा सहभागी सेनाको टोली मुस्ताङ पुगिसकेका छन्। "हिमाली तथा उच्च पर्वतीय क्षेत्रमा निम्तने विपद् व्यवस्थापनमा सरोकारवालाबीच सहकार्य र समन्वय अभिवृद्धि गर्ने उद्देश्यले अभ्यास हातेमालो कार्यक्रम सञ्चालन गरिएको हो", उहाँले भन्नुभयो, "यसले विपद् प्रतिकार्यको क्षमता र आवश्यकता पहिचान हुनेछ।" 'टेबल टप अभ्यास'का सञ्चालक महासेनानी गिरीले हिमाली क्षेत्रमा हुने विपद् व्यवस्थापन, खोज तथा उद्धारका लागि दक्ष मानवसंसाधन, उपकरण र सामग्रीको व्यवस्थापन गर्नुपर्ने बताउनुभयो। हाल सेनालगायत सुरक्षा निकायसँग भएको मानवसंसाधन र उद्धार सामग्री पर्याप्त नभएको उहाँको भनाइ छ। गण्डकी प्रदेश सरकारका प्रमुख सचिव रघुराम विष्टले विपद् पूर्वतयारी र प्रतिकार्य अभ्यासमा प्रदेश सरकारले तीनवटै सुरक्षा निकायलाई सहयोग गर्दै आएको उहाँले बताउनुभयो।

"सेनाले सञ्चालन गरेको अभ्यासले उच्च पर्वतीय क्षेत्रमा हुने विपद् व्यवस्थापन र न्यूनीकरणमा टेवा पुग्नेछ", उहाँले भन्नुभयो, "गण्डकी प्रदेशको हिमाली क्षेत्रमा पर्यटकको आवातजावत बढी हुने भएकाले विपद्का कारण यस क्षेत्रको पर्यटनमा पर्नसक्ने असरलाई कम गर्न यो कार्यक्रम प्रभावकारी हुनेछ।" उच्च पर्वतीय विपद् प्रतिकार्यमा समन्वय, सहयोग र सहकार्यका लागि सेनाले 'अभ्यास हातेमालो' कार्यक्रम सञ्चालन गरेको पश्चिम पृतनाका पृतनापति उपरथी मधुकरसिंह कार्कीले बताउनुभयो। अभ्यासमा गण्डकी प्रदेशमा उच्च पर्वतीय विपद् प्रतिकार्य तथा व्यवस्थापन आयोजनाका विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव लक्ष्मीभद्र वाग्लेले प्रस्तुतीकरण राख्नुभएको थियो। विपद् जोखिममा जलवायु परिवर्तनको असरका विषयमा डा दीपक विक्रम थापा क्षेत्री, उच्च पर्वतीय क्षेत्रमा खोज तथा उद्धारका लागि नेपाली सेनाको क्षमता, तयारी

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

**गणतन्त्र दिवस, २०८२**
**भव्यरूपमा मनाऔं**
गणतन्त्र दिवस (जेठ १५ गते) को अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरौं।
लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं।
लोकतान्त्रिक अभ्यासलाई मजबुत बनाऔं।
**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## युवा संघ नेपालको अध्यक्षमा पुन: थेबे

**पोखरापत्र संवाददाता**
पोखरा, १३ जेठ

नेकपा (एमाले) निकट राष्ट्रिय युवा संघ नेपालको १० औं राष्ट्रिय महाधिवेशनबाट क्षितिज थेबे पुनः अध्यक्षमा निर्वाचित भएका छन्।

मंगलबार सम्पन्न भएको महाधिवेशनबाट थेबेले १ सय ८८ मत अन्तरले निकटतम प्रतिस्पर्धी सुमन पुरीलाई पराजित गर्दै लगातार दोश्रो कार्यकालको लागि अध्यक्षमा निर्वाचित भएका हुन। पुरी यस अघिका महासचिव हुन्। थेबेले ७ सय ९६ मत ल्याउदा उनका निटकतम प्रतिष्प्रर्धी पुरीले भने ६ सय ८ मत ल्याउनु भएको निर्वाचन अधिकृत इश्वरी पौडेलले बताइन्। थेबेको प्यानलले बहुमत सहित विजय हासिल




भएको श्रोतले जनाएको छ। नव निर्वाचित नेतृत्वले युवा संघको संगठनलाई अझ प्रभावकारी बनाउने प्रतिवद्धता व्यक्त गरेको छ। १ हजार ७ सय ६४ जना मतदाता प्रतिनिधिमध्ये १ हजार ४ सय ४ जनाले मतदान गरेको निर्वाचन समितिले जनाएको छ। यही जेठ ९ गतेदेखि पोखरा सभागृहमा उक्त महाधिवेशन सुरु भएको हो।

**सुपथ मूल्यमा आकर्षक छपाइ**

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्याङ्जाका सयौ व्यावसायीक फर्म निलम्बनमा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १३ जेठ

आन्तरिक राजस्व विभागले स्याङ्जाका सयौ व्यवसायीक फर्म, कम्पनीहरु निलम्बन गरेको जनाएको छ ।

विभागले दिएको जानकारी अनुसार मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (८) बमोजिम स्याङ्जाका झण्डै ३ सय ३६ व्यवसायीक फर्म, कम्पनीको करकट्टी गरी दर्ता निलम्बन गरिएको जनाएको हो । विभागले निलम्बन गरेर सार्वजनिक गरेका करदाता फर्म, कम्पनीहरु अधिकांश निर्माण व्यवसायीको रहेको देखिएको छ ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (८) मा लगातार ६ महिनासम्म कर विवरण पेश नगर्ने करदाताको नाम सार्वजनिक गरी त्यस्तो करदाताको कर कट्टी गर्नु पर्ने रकम बाँकी भए रोक्का राख्न र निजको दर्ता समेत निलम्बन गर्न सकिने व्यवस्था अनुसार दर्ता खारेजी प्रक्रिया अगाडि बढाईएको विभागले जनाएको छ । निलम्बनमा परेका फर्म, कम्पनीले पुन विवरण बुझाएमा निलम्बन फुकुवा गर्न सकिने विभागका सूचना अधिकारी बासुदेव पौडेलले जानकारी दिए ।

कतिपय फर्म, कम्पनीहरुले एकदशक सम्म पनि विवरण नबुझाएको बताइएको छ। लामो समयसम्म कर विवरण नबुझाउनेहरुलाई कारवाही प्रक्रिया अनुसार पहिलो पटक फर्म, कम्पनीहरुलाई निलम्बन गर्ने अवस्थामा विभाग पुगेको सूचना अधिकारी पौडेलले बताए । हाललाई निलम्बनको मात्रै कारवाही हो उनले भने,'कर विवरण बुझाउन अझै व्यवसायी नआएमा अर्को चरणको कारवाही पक्रिया थालिने छ ।' व्यवसायीहरुका लागि यो मौका रहेको र पछि पनि कर विवरण नबुझाएका दर्ता खारेजी नै हुने छ उनले भने । विभागले १५ दिनको सार्वजनिक सूचना जारी गरी कर विवरण बुझाउन अनुरोध गरेको थियो । उक्त समयसम्म पनि कर विवरण बुझाउन नआएपछि विभागले यो कदम चालिएको उल्लेख गरेको छ । पटक–पटक कर विवरण बुझाउन स्याङ्जाको करदाता कार्यालयले ताकेता गर्दा पनि व्यवसायी नआएपछि विभागले कानुन अनुसार नै झण्डै ३ सय ३६ व्यवसायी फर्म, कम्पनीको नाम निलम्बनमा राखेको करदाता कार्यालय पुतलीबजारका प्रमुख गंगा बस्यालले बताइन् । निलम्बनमा परेका व्यवसायी फर्म वा कम्पनीले दर्ता नम्बर राखेर विलिङ्ग प्रयोग गरिएको फेला परेमा कारवाही हुने विभागले जनाएको छ ।

आर्थिक बर्ष २०८१/०८२ मा करदाता कार्यालय पुतलीबजारले स्याङ्जामा ५२ करोड राजस्व संकलन गर्ने लक्ष्य लिएको थियो । आर्थिक बर्षको साउनदेखी बैशाख महिना सम्म ३७ करोड राजस्व संकलन भएको कर अधिकृत बस्यालले बताइन् । अहिले सम्म स्याङ्जामा ७० प्रतिशत राजस्व संकलन भएको छ । असार मसान्त सम्म लक्ष्य नजिक पुग्न सकिने अनुमान कार्यालयको छ ।

# मातृशिशु मितेरी अस्पताल सहित ९ वटा अस्पतालको स्तरोन्नति

**पोखरापत्र संवाददाता**
पोखरा, १३ जेठ

गण्डकी प्रदेश सरकारले प्रदेश मातहतका ९ वटा अस्पतालहरूको स्तरोन्नति गरेको छ ।

मन्त्री परिषदको बैठकले मंगलबार गरेको निर्णय अनुसार ५० शैयामा संचालित धौलागिरी प्रदेश अस्पताल, बागलुङ र १५ शैयामा संचालित मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी (व.सु.पू.) लाई १०० शैयामा स्तरोन्नति गरिएको बताइएको छ ।२५ शैयामा संचालित मातृशिशु मितेरी प्रादेशिक अस्पताल, कास्कीलाई ५० शैयामा, प्रादेशिक जनरल तथा सरूवा रोग अस्पताल, कास्कीलाई ५० शैयामा, पर्वत, स्याङ्जा र तनहुँ जिल्लामा संचालित १५ शैयाका प्रदेश अस्पतालहरूलाई ५० शैयामा एवं मुस्ताङ र मनाङ जिल्लामा संचालित १५ शैयाका प्रदेश अस्पतालहरूलाई २५ शैयामा स्तरोन्नति गरिएको हो ।

गण्डकी प्रदेश सरकारले यस अघि लमजुङ जिल्लास्थित प्रदेश अस्पताल, बागलुङ जिल्लास्थित बुर्तिवाङ अस्पताल र गोरखा जिल्लास्थित आँप पिपल अस्पताल गरी ३ वटा प्रदेशस्तरका अस्पताललाई ५० शैयामा स्तरोन्नति गरिसकेको छ ।

## उच्च पर्वतीय ...

र आवश्यकताका विषयमा नेपाली सेनाको विपद् व्यवस्थापन निर्देशनालयका सेनानी शक्तिराज श्रेष्ठले सहजीकरण गर्नुभएको थियो ।

त्यसैगरी मुस्ताङ र मनाङको सिमानामा पर्ने थोराङ भञ्ज्याङमा विसं २०७१ असोजमा आएको हुडहुड चक्रवातको कारण सिर्जित विपद्को अवस्था, खोज तथा उद्धारको सिकाइका विषयमा सहायक रथी अर्जुन बस्नेत, गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रहरी निरीक्षक गणेश सुवेदीले जानकारी गराउनुभएको थियो । विसं २०७९ मा मुस्ताङको थासाङमा भएको तारा एयरको विमान दुर्घटनामा गरिएको खोज तथा उद्धारका विषयमा सशस्त्र प्रहरी बल नं ४ मुक्तिनाथ बाहिनीका सशत्र प्रहरी नायक उपरीक्षक लक्ष्मण बरालले जानकारी गराउनुभएको थियो ।

उच्च हिमाली तथा पहाडी भेगमा खोज तथा उद्धार कार्यक्रम सञ्चालनको अवस्था र चुनौतीका विषयमा हिमालयन उद्धार सङ्घ नेपालका डा सन्तोष बानियाँ र गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालयका डा रमेशकुमार केसीले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा नेपाली सेना, सशत्र प्रहरी बल, नेपाल प्रहरीका वरिष्ठ अधिकारी, प्रदेश सरकारका विभिन्न मन्त्रालय र निकायका पदाधिकारी, जनप्रतिनिधि, कर्मचारी, नेपाल रेडक्रस सोसाइटीलगायत गैरसरकारी संस्थाका प्रतिनिधि, सञ्चारकर्मीलगायतको सहभागिता थियो । अभ्यासका क्रममा भएको समूहगत छलफल र प्रस्तुतीकरणले उच्च पर्वतीय क्षेत्रमा हुने विपद् व्यवस्थापनमा सरोकारवाला पक्षको भूमिका र जिम्मेवारीको पहिचान गर्न मद्दत पुऱ्याएको महासेनानी गिरीले बताउनुभयो । उक्त अभ्यासको समापनका क्रममा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकारले विपद् व्यवस्थापन तथा प्रतिकार्य योजनामा प्रदेश सरकारले स्रोतसाधन वृद्धि गर्दै लैजाने बताउनुभयो ।

# पोखरा र देउखुरीका होटल व्यवसायी बीच अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, १३ जेठ



घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरीले छोटो दुरीमा धेरै पर्यटकीय स्थलको अबलोकन गर्न पाइने र आनन्दको अनुभव गर्न पाइने पोखरा एक अनुपम स्थल रहेको चर्चा गरेका छन् । पृथ्वी होटल व्यवसायी समितिले प्राकृतिक 'पोखरा जाऔँ प्रकृतिसँग रमाऔं, पोखरा भ्रमण वर्ष २०२५ सफल पारौं' भन्ने नारासहित घोराही आइपुगेको टोलीलाई स्वागत गर्दै उनले यस्तो चर्चा गरेका हुन् ।

पर्यकटन क्षेत्र देशको आर्थिक मेरुदण्ड रहेको बताएका उनले पोखरा यसको मुख्य केन्द्र रहेकोमा दुईमत नरहेको धारणा राखे । सरसफाई, व्यवसायीक वातावरण तयार पार्ने कूरामा पोखरा महानगर र व्यवसायीको सहकार्य उदाहरणीय रहेको उनले बताए । उनले अहिले सकारात्मक धारणाको कमि रहेको भन्दै सकारात्मका पक्षलाई हेरेर आगाडि बढ्नुपर्ने धारण राखे । पर्यटन भनेकै राम्रा कुराको प्रचार गर्ने विषय भएकाले त्यही अनुरुप सकारात्मक भएर अगाडि बढ्न उनले व्यवसायीलाई आग्रह गरे ।

प्रमुख चौधरीले जसले घर बहालमा लगाउँछ उसैले बहाल कर तिर्नुपर्नेमा दुईमत नरहेको उल्लेख गरे । पहिले व्यवसाय राम्रो हुँदा व्यवसायीले घरबहादल तिरेपनि अहिले व्यवसायी समस्यामा रहँदा कानून अनुरुप घरधनीले नै तिर्नुपर्ने उनले प्रष्ट पारे । घोराही उपमहानगरपालिका भित्र पनि धेरै पर्यटकीय स्थल रहेका चर्चा गरेका उनले एउटा सडकलाई हप्तामा एक पटक फुड फेष्टिबल मनाउने मोडेलमा जाने सोच बनाएको जानकारी दिए । उनले पोखरा आएका पर्यटकलाई दाङ र दाङ आएका पर्यटकलाई पोखरा पठाउने वातावरण बनाउन व्यवसायी व्यवसायीका बीचमा सहकार्य गर्न उनले आग्रह गरे । त्यसका लागि वातावरण बनाउन आफूहरु तयार रहेको उनको भनाई थियो । पृथ्वी होटल व्यवसायी समितिका अध्यक्ष अम्बिका घिमिरे (अमृत)ले पोखरा महानगरपालिकाले देशकै पर्यटकीय राजधानी पोखरालाई पोखरा भ्रमण वर्ष २०२५ घोषणा गरिएकाले उत्साहित हुँदै प्रर्वद्धनात्मक कार्यक्रम लिएर आएको जानकारी दिए । उनले खाना तथा आवासमा २० प्रतिशत छुट, त्यसैगरी सहासिक खेल (बञ्जीजम्प, प्याराग्लाइडिङ, जिपफ्लाइङ) मा १० प्रतिशत छुट लागायतका प्याकेज घोषणा गरिएको बताए । दाङ देउखुरी होटल व्यवसायी समितिका सल्लाहकार ओविन्द्रबहादु महराले नकारात्मक प्रचारले हामी झन पिडामा हुन्छ । पोखरा प्राकृतिकसहित धेरै हिसावले उत्कृष्ठ रहेकाले मौका मिल्ना साथ पोखरा जाउँ जाउँ हुने चर्चा गरेका उनले पोखरामा अब भारतीय र चीनबाट कसरी पर्यटक भित्र्याउन सकिन्छ भनेर बहस चलाउनुपर्ने धारण राखे ।

दाङ देउखुरी होटल व्यवसायी समितका अध्यक्ष इश्वरकुमार बुढामगरले पोखरा विश्वकै अग्लो त्रिशुल रहेको र अन्य पर्यटकीय प्रोडक्ट रहेको जानकारी दिए । उलने पोखराको व्यवसायीको आगमनले पर्यटन क्षेत्रमा उत्साह छाएको आफूले महसुस गरेको उल्लेख गरे । उनले पोखरा र दाङका व्यवसायी मिलेर अगामी दिनमा आगामी दिनमा अगाडि बढ्ने प्रतिवद्धता जनाए । आफूहरुको क्षेत्रमा दर्जनौं जलाशय क्षेत्र रहेको बताएका उनले यी जलाशयले धेरै नै विकासको आधार खडा गरेको उल्लेख गरे ।

पृथ्वी होटल व्यवसायी समितिका निवर्तमान अध्यक्ष बालकृष्ण न्युरेले पर्यटन प्रर्वद्धनात्मक कार्यक्रमको बारेमा जानकारी दिए । उनले घरधनीले घरबहाल कर तिनुपर्नेमा व्यवसायीले नै घरबहाल कर तिर्नुपरेको छ । ठाउँ फरक भएपनि व्यवसायीका समस्या भने साझा रहेको उनले बताए । कार्यक्रममासमितिका दाङ देउखुरी होटल व्यवसायी समितिका वरिष्ठ उपाध्यक्ष खड्गसिंह पुनमगर र सचिव श्याम कुमार विक लगायतले बोलेका थिए । सोमबार विहान पोखराबाट देशका पश्चिम भागमा आन्दरिक पर्यटक बोलाउन निस्केको टोलीले सोमबार नै लमही होटल व्यसायी समिति र कपिलबस्तुका होटल व्यवसायीसंग छलफल गरेको थियो । होटल व्यवसायी महासंघका केन्द्रीय सदस्य सुनिता पन्तका अनुसार मंगलबार विहान देउखुरीका होटल व्यवसायीसंग अन्तरक्रिया गरेको टोली अब कोहोलपुर, नेपालगञ्ज, गुलरीय, धनगढी, अत्तरिया, महेन्द्र नगर, चिसापानी र स्वर्गद्वारी पुगरे पोखरा फर्कनेछ ।

# पोखरा-८ को वेव डिजाइन तथा डेभलपमेन्ट तालिम समापन

**पोखरापत्र संवाददाता**
पोखरा, १३ जेठ



पोखरा महानगरपालिका वडा नं ८ को आयोजना तथा नीति एकेडेमी पोखरा-९ को सहकार्यमा आयोजित वेव डिजाइन एवं डेभलपमेन्ट तालिम समापन भएको छ ।

मंगलबार नीति एकेडेमीको सभाहलमा आयोजित समापन कार्यक्रममा वडाध्यक्ष रुद्रनाथ बरालले प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गरे । उक्त अवसरमा वडाध्यक्ष बरालले तालिममा सिकेका सिपलाई व्यवहारमै उतारेर स्वरोजगार बन्न आग्रह गरे । उनले भने, 'अब तपाईंहरुले घरमै बसेर निकै मेहनत गर्नुस्, केही नबुझे प्रशिक्षकसँग समन्वय गर्नुस् ।' वडा कार्यालयले स्वरोजगार बनाउने उद्देश्यले धेरै प्रकारका तालिम सञ्चालन गरिरहेको उनले बताए । वर्तमान समयलाई ध्यानमा राखेर तालिम आयोजना गरिएको भन्दै उनले भने, "हामी अब डिजिटल युगमा छौँ, जहाँ सिप नै शक्ति हो, तालिममा सहभागी भएकाहरुले सिकेका सीपहरु भोलिका उद्यमी, डिजाइनर र विकासकर्ताको जग बन्नेछन् ।" डिजिटल प्रविधिको विकाससँगै प्राविधिक सीपमा दक्ष बनाउन पनि तालिम महत्वपूर्ण हुने वडाध्यक्ष बरालको विश्वास छ ।

नीति एकेडेमीका अध्यक्ष माधव पोखरेलले तालिमका लागि तालिम आयोजना नगरिएको भन्दै तालिमले विद्यार्थीलाई धेरै कुरा सिकाएको र अब व्यवसायिकतातर्फ उन्मुख गराउने विश्वास व्यक्त गरे । उनले वर्तमान समयमा वेव डिजाइन तालिम जो कसैलाई आवश्यक पर्ने स्पष्ट पारे । प्रशिक्षार्थी दीपकराज घिमिरेले तालिम निकै प्रभावकारी भएको बताए । तालिमबाट धेरै ज्ञान हासिल भएको ले अब निखारता ल्याउनका लागि आफैले मेहनत गर्नुपर्ने उनले बताए ।

वडाध्यक्ष रुद्रनाथ बरालको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा-८ का वडासदस्य गोविन्द बराल, वडासचिव झंकनाथ पौडेल, पत्रकार हरि पन्तलगायतले बोलेका थिए । नीति एकेडेमीले ग्राफिक डिजाइन, वेव डिजाइनिङ, डिजिटल मार्केटिङ, वेसिक तथा डिप्लोमा कम्प्युटर ट्रेनिङ, सफ्टवेयर डेभलपमेन्ट र आरजे एवं भीजे ट्रेनिङ गर्दै आएको छ । हालसम्म नीति एकेडेमीले करिब पाँच सय विद्यार्थीलाई शिक्षा प्रदान गरी रोजगार दिन सफल भएको छ ।

# मनासलु क्षेत्रमा हालसम्मकै बढी पर्यटक

**पोखरापत्र संवाददाता**
गोरखा, १३ जेठ

चालु आर्थिक वर्षको वैशाखसम्ममा १२ हजार २५९ जना विदेशी पर्यटकले उत्तरी गोरखाको मनास्लु क्षेत्रमा भ्रमण गरेका छन् । मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप) का अनुसार यो सङ्ख्या अहिलेसम्मकै बढी हो ।

आर्थिक वर्ष २०८०/८१ मा नौ हजार ७८२, आव २०७९/८० मा सात हजार ७०५ र आव २०७८/७९ मा दुई हजार २८४ जना पर्यटकले उक्त क्षेत्र भ्रमण गरेका एमक्यापका प्रमुख सन्तोष शेरचनले जानकारी दिनुभयो । उहाँका अनुसार बर्सेनि पर्यटकको सङ्ख्या वृद्धि हुँदै गएको छ । एमक्यापले आव २०८१/८२ मा १२ हजार ५०० पर्यटक भित्र्याउने लक्ष्य राखेकामा ९८ दशमलव शून्य सात प्रतिशत लक्ष्य प्राप्त भएको जनाउँदै उहाँले चालु आवमा लक्ष्यभन्दा बढी पर्यटन भित्रिने अनुमान गरिएको बताउनुभयो ।

"कोभिडपछि पर्यटकको आगमन न्यून थियो", आयोजना प्रमुख शेरचनले भन्नुभयो, "आव २०७७/७८ मा सबैभन्दा कम अर्थात् एक सय ९४ जना पर्यटकमात्र सो क्षेत्रमा पुगेका थिए ।" सो क्षेत्र भ्रमण गर्ने पर्यटकको सङ्ख्या आव २०७६/७७ मा पाँच हजार ३३८ र २०७५/७६ मा सात हजार ६५५ रहेको थियो ।

मनास्लु क्षेत्र प्रवेशका लागि सार्क राष्ट्रका पर्यटकले प्रतिव्यक्ति रु एक हजार र अन्य राष्ट्रका पर्यटकले रु तीन हजार बुझाउनुपर्ने व्यवस्था गरिएको एमक्यापका प्रमुख शेरचनले जानकारी दिनुभयो । उहाँका अनुसार पर्यटकले काठमाडौँको भृकुटीमण्डप र पोखराको ड्यामसाइटस्थित काउन्टरमा प्रवेश दस्तुर बुझाउनसक्ने व्यवस्था गरिएको छ ।

"यी दुवै ठाउँमा प्रवेश दस्तुर शुल्क नबुझाएका पर्यटकले सो क्षेत्र प्रवेश गर्न एमक्यापको जगत र सामागाउँस्थित चेकपोष्टमा दोब्बर दस्तुर तिर्नुपर्ने छ", प्रमुख शेरचनले भन्नुभयो । निषेधित क्षेत्र मानिएकाले मनास्लु संरक्षण क्षेत्र भ्रमणका लागि पर्यटकले अध्यागमन विभागबाट पनि अनुमति लिनुपर्ने प्रावधान रहेको उहाँले जानकारी दिनुभयो ।

विभागले चुम र नुब्री भ्याली भ्रमणका लागि एक साताको अनुमति दिने गर्छ । उक्त अवधिभर चुमभ्यालीका लागि पर्यटकीयसिजनमा पर्यटकले प्रतिव्यक्ति ५० डलर बुझाउनुपर्ने हुन्छ भने बेमौसममा २५ डलर मात्र बुझाउनु पर्ने एमक्यापका प्रमुख सन्तोष शेरचनले बताउनुभयो । उहाँका अनुसार नुब्री भ्यालीका लागि सिजनमा प्रतिव्यक्ति ७० डलर र बेसिजनमा ३५ डलर बुझाउनुपर्ने प्रावधान छ । एक साताबाहेक थप दिन भ्रमण गर्न चाहेमा थप शुल्क बुझाउनुपर्ने हुन्छ। मनास्लुक्षेत्रअन्तर्गत चुमनुब्री गाउँपालिकाको सातवटा वडा पर्छ । साविकका सिर्दिबास, ल्हो, प्रोक, बिही, सामागाउँ, चुम्चेत र छेकम्पार गाविसलाई संरक्षण क्षेत्रले समेटेको छ । जसमध्ये साविकका सामागाउँ, ल्हो, प्रोक र बिही गाविस नुब्री उपत्यकाका रूपमा चिनिन्छन् भने चुम्चेत र छेकम्पार चुम उपत्यकाका रूपमा चिनिन्छ । सन् १९९५ देखि मनास्लु क्षेत्र पर्यटकका लागि खुला गरिएको हो ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते



पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन



उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

## सम्पादकीय

# युवा संघमा पुन: थेबे

नेकपा एमाले निकट राष्ट्रिय युवा संघको महाधिवेशनबाट क्षितिज थेबेको प्यानलै विजयी भएको छाएमाले नेतृत्वले थेबेलाई सर्वसम्मत अध्यक्ष बनाउन निर्देशन दिएको थियो।युवासंघका पुर्व अध्यक्षहरूको इगो निर्वाचनमा प्रकट भएको हो।४०० जनाको केन्द्रीय समितिलाई १५५ मा झार्दा असन्तुष्ट पक्षलाई लिएर निर्वाचनमा होमिदा समय र खर्च बढाएको छ। चुनाव सम्पन्न गराउन ठूलो खर्च र जनशक्तिलाई परिचालन गर्नुपर्छ। जो सँग मनि र मसल छैन उस्ले नेतृत्व गर्न सक्दैन भन्ने भाष्य निर्माण गरिएको छ । पोखराबाट क्षितिजलाई दोहोरीन मौका दिएको छ । भोट परिणाम अनुसार थेबेले ७९७ मत ल्याए भने सुमन पुरीले ६०८ मत प्राप्त गरे।

विजयी घोषित भएपश्चात् थेबेको प्यानलले बहुमत प्राप्त गरेको छ । नेकपा एमाले निकट राष्ट्रिय युवा संघको पाँचौं महाधिवेशनबाट क्षितिज थेबेको प्यानलै विजयी भएको छ। भर्खरै प्राप्त मत परिणाम अनुसार थेवे १८८ मतान्तरले विजयी भएका हुन् । थेबेले ७९७ ल्याउँदा उनका निकटतम प्रतिद्वन्द्वी सुमन पुरीले ६०८ मत ल्याएका छन् । यस्तै युवासंघको महासचिवमा ७५५ मत ल्याउँदै महेश चौलागाईं विजयी भएका छन् । उनका प्रतिस्पर्धीले ६४९ मत ल्याएका छन् । १ हजार ७६४ मतदाता प्रतिनिधि रहेकोमा १ हजार ४०४ मत खसेको थियो ।

क्षितिजकै नेतृत्वमा सर्वसम्मत गर्न नेताहरूले कसरत गरेको भए पनि सुमनले अस्वीकार गरेर मतदान मार्फत नै नेतृत्व चुनिनुपर्ने अडान लिएपछि चुनावी प्रक्रिया अगाडि बढाइएको थियो । महाधिवेशनमा पदाधिकारी र सदस्यमा समेत गरेर ३९९ जनाको उम्मेदवारी परेको थियो। पदाधिकारी ९ जना सहित १५१ जनाको केन्द्रीय समिति, ४ वटा विभागमा अध्यक्ष, उपाध्यक्ष र सचिव गरेर १६३ पदमा निर्वाचित, भएका छन् । भने पुरी प्यानलका अरूणबहादुर कुँवरले जितेका छन् ।

सुदूरपश्चिम प्रदेश, सुमन पुरी ६४, क्षितिज थेवे ५२
कर्णाली प्रदेश, सुमन पुरी ५४, क्षितिज थेवे ५१
गण्डकी प्रदेश, सुमन पुरी ३९, क्षितिज थेवे ८४
विशेष प्रदेश, सुमन पुरी ३५, क्षितिज थेवे ३४
लुम्बिनी प्रदेश, सुमन पुरी ७९, क्षितिज थेवे ५२
आयोजक सुमन पुरी १७६, क्षितिज थेवे २३४
कोशी प्रदेश सुमन पुरी ३१ क्षितिज थेवे १५४
मधेश प्रदेश सुमन पुरी ६२ क्षितिज थेवे ३९
बागमती प्रदेश सुमन पुरी ६८ क्षितिज थेवे ९६

जम्मा मत सुमन पुरी ६०८ क्षितिज थेवे ७९६ प्राप्त गरेका छन । अब दोस्रो कार्यकाल निकट प्रतिस्पर्धालाई सम्मान गरेर लाने क्षमता देखाउनुपर्छ । युवालाई सही मार्गबाट हिडाउन सक्नु विजय हासिल गरेको सफलता हुनेछ ।

# निजी आवास पुन:निर्माणका लागि एक करोड अनुदान

**पोखरापत्र संवाददाता**
दमौली, १३ जेठ

जिल्ला प्रशासन कार्यालय तनहुँले विपद् प्रभावित निजी आवास पुनःनिर्माण र पुनस्थापनाका लागि रु एक करोड अनुदान रकम वितरण गरेको छ।

कार्यालयले मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनःनिर्माणका लागि चालु आर्थिक वर्षमा ६५ लाभग्राहीलाई सो रकम वितरण गरेको हो । पहिलो, दोस्रो र तेस्रो किस्ता गरी उक्त रकम वितरण गरिएको सहायक प्रमुख जिल्ला अधिकारी जितबहादुर भण्डारीले जानकारी दिनुभयो । मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनःनिर्माणअन्तर्गत लाभग्राहीहरूका घरहरू अनुगमन गरी अनुदान रकम वितरण गरिएको भण्डारीको भनाइ छ । जिल्ला प्रशासन कार्यालयबाट रु ४४ लाख ५० हजार र विपद् पुनःनिर्माण र पुनःस्थापना मार्फत् रु ६५ लाख ५० हजार स्थानीय विपद् कोषमा निकासा गरिएको भण्डारीले जानकारी दिनुभयो । कार्यालयले चालु आर्थिक वर्षको चैत मसान्तसम्म रु पाँच करोड ८८ लाख २२ हजार छ सय ७७ राजश्व सङ्कलन गरेको छ।

संस्था दर्ताबाट रु १६ लाख ६६ हजार छ सय, हातहतियार नवीकरणबाट रु पाँच लाख ५६ हजार आठ सय ७५, राहदानीबाट रु पाँच करोड ५४ लाख ३७ हजार पाँच सय, न्यायिक दण्ड जरिवानाबाट रु दश लाख ९६ हजार तीन सय ४२, प्रशासनिक दण्ड जरिवानाबाट रु १५ हजार, अन्य प्रशासनिक सेवा शुल्कबाट रु पाँच हजार, सरकार सम्पत्तिको वहालको आयबाट रु ३३ हजार नौ सय ६० राजश्व सङ्कलन भएको कार्यालयले जनाएको छ।

# विद्यार्थीलाई पढाइसँगै सीप सिकाउँदै बेनीका विद्यालय

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ जेठ

बेनी नगरपालिकाले "हामी सक्छौँ, हामी गर्छौं" कार्यक्रममार्फत विद्यार्थीलाई पढाइसँगै सीप सिकाउन थालेको छ।

माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीलाई विद्यालयमै सीप सिकाउन "हामी सक्छौं, हामी गर्छौं" कार्यक्रम सञ्चालन भएको हो । विद्यार्थी र शिक्षालाई सीप र श्रमसँग जोड्न कार्यक्रम सञ्चालन गरिएको नगरप्रमुख सुरत केसीले जानकारी दिनुभयो । "माध्यमिक तहको शिक्षा हासिल गरेका विद्यार्थीले आफ्नो रुचिअनुसारको व्यवसाय गरी आयआर्जन र आफ्नो घर, टोल छिमेकमा आवश्यक पर्ने काम गर्न सक्ने बनाउने उद्देश्यले सीपमूलक तालिम सञ्चालन भएको छ", उहाँले भन्नुभयो, "दक्ष, सीपयुक्त जनशक्ति उत्पादन गरेर रोजगारी सृजना, स्वरोजगार बन्ने सहयोग पुग्ने छ ।" बेनी नगरपालिकाका १६ विद्यालयलाई आर्थिक वर्ष २०८१/८२ मा हामी सक्छौं, हामी गर्छौं कार्यक्रमका लागि रु एक-एक लाखका दरले रु १६ लाख बजेट विनियोजन गरेको छ । बाह्रवटा विद्यालयले कार्यक्रम कार्यान्वयनका लागि सम्झौता गरिसकेका र चारवटा सम्झौताको चरणमा रहेका बेनी नगरपालिकाको शिक्षा अधिकृत कमल ढकालले जानकारी दिनुभयो । पात्लेखेतको दीपक माविले च्याउखेती सुरु र अर्थुङ्गेको जामुनाखर्क माविले आधारभूत सौन्दर्यकला तालिम सञ्चालन गरेको छ । बेनीको बालमन्दिर माविले पलम्बिङ, नेप्टेचौरको राष्ट्रिय माविले कपाल काट्ने, भकुण्डेको अर्जुन माविले भित्तेलेखन, अर्जमको रामचन्द्र माविले हाउस वायरिङ, भकिम्लीको जयन्ती माविले अकबरे खुर्सानी र तरकारी, भिरमुनिको पौलत्स्य माविले हाते ट्र्याक्टर मर्मत, पुलाचौरको जनकल्याण माविले बाँसका सामान बनाउने तालिम सञ्चालन गर्न सम्झौता गरेका छन्। बेनी सामुदायिक माविले शैलुन, प्रकाश माविले हाउस वायरिङ, तोरीपानीको गलेश्वर माविले प्राविधिक धारका विद्यार्थीलाई फिल्ड सर्वेक्षणसम्बन्धी सीप सिकाउन कार्यक्रम सम्झौता गरेको छ । गलेश्वरको जडभरत संस्कृत, सिङ्गाको धवलागिरि, तातोपानीको सरस्वती र रत्नेचौरको भानु माविले कार्यक्रम प्रस्ताव पेस गरेका छैनन् । आव २०७९/८० मा १० विद्यालयमा सञ्चालन भएको कार्यक्रम प्रभावकारी भएपछि २०८०/८१ र २०८१/८२ देखि नगरपालिकामा रहेका १६ वटै माध्यमिक विद्यालयमा सञ्चालन गरिएको हो । बिहान-बेलुकी विद्यार्थीको अनुकूल समयमा आलोपालो गरेर तालिममा सहभागी हुने व्यवस्था मिलाइएको छ । बेनी नगरपालिकाको सामुदायिक विद्यालयका करिब एक हजार विद्यार्थी सीपमूलक तालिममा सहभागी हुने अपेक्षा गरिएको छ।

# छाडा गाई हेरचाह गर्न संरक्षण केन्द्र

**पोखरापत्र संवाददाता**
दमौली, १३ जेठ

व्यास नगरपालिका-१० दुम्सीमा स्थापना गरिएको गौ संरक्षण तथा सरसफाइ व्यवस्थापन केन्द्र बेवारिसे अवस्थामा छाडिएका र पाल्न छाडिएका गाई संरक्षणका लागि प्रभावकारी बनेको छ।

छाडा तथा वृद्ध गाईहरू जथाभावी छाडिदिँदा दुर्घटना हुनुका साथै फोहर बढ्न थालेपछि विसं २०७६ मा नगरले केन्द्र स्थापना गरी गौ संरक्षण गर्न थालेको हो । नगरले तत्कालीन समयमा तुल्सीराम सापकोटाको संयोजकत्वमा अध्ययन समिति गठन गरेर केन्द्र स्थापना गरेको थियो। मादीनदी किनारमा रहेको सार्वजनिक जग्गालाई तारबार गरेर केन्द्र सञ्चालनमा ल्याइएको जनाउँदै उहाँले अहिले गाई संरक्षणका लागि केन्द्र प्रभावकारी बन्दै गएको बताउनुभयो ।

केन्द्रका अध्यक्ष सापकोटाका अनुसार विभिन्न चरणमा गरी हाल तीन सय रोपनी क्षेत्रफलमा केन्द्र सञ्चालित छ। उहाँले भन्नुभयो, "तत्कालीन समयमा तीन सय रोपनीमा तारबार गर्न आर्थिक अभाव थियो । प्रत्येक वर्षको बजेटबाट विभिन्न चरणमा गरी अहिले सबै क्षेत्रमा तारबार गरिएको छ ।" केन्द्र स्थापना भएपछि विभिन्न ठाउँबाट गाई ल्याउने गरिएको उहाँको भनाइ छ । गाईले दूध दिन छाडेपछि कहाँ लैजाने भनेर किसान समस्यामा परिरहेको अवस्थामा केन्द्र सहयोगी बनेको सापकोटाले उल्लेख गर्नुभयो । "यहाँ रहेका गाई मरेपछि केन्द्र आसपास रहेका गिद्धले खाने गरेका छन्", उहाँले भन्नुभयो, "गाई मरेपछि छाला काडेर राखिदिन्छौँ । गिद्ध आएर खान्छन्, हड्डीलाई खाल्डो खनेर पुर्ने गरेका छौँ ।"

आगामी दिनमा हड्डीबाट पनि आम्दानी लिने योजनासहित अघि बढेको बताउँदै अध्यक्ष सापकोटाले त्यसका लागि उपकरण खरिद गर्ने तयारी गरिएको जानकारी दिनुभयो । "गिद्ध संरक्षणका लागि पनि गौ संरक्षण केन्द्र सहयोगी बनेको छ । गौ संरक्षण केन्द्रमा तनहुँ जलविद्युत् आयोजनाको सहयोगमा गिद्धका लागि पाँच वटा आरामस्थल बनाइएको छ । यहाँ आएर गिद्धहरू बस्ने गरेका छन्", उहाँले भन्नुभयो । दमौली बजारमा उत्पादित कुहिने फोहरबाट बायो ग्यास उत्पादन गरिएको सापकोटाले बताउनुभयो । उहाँले भन्नुभयो, "यहाँ हामीले गाईको मात्रै संरक्षण गरेका छैनौँ, फोहरको व्यवस्थापन पनि गरेका छौँ । कुहिने फोहरबाट ग्यास उत्पादन गरिरहेका छौँ ।" उहाँका अनुसार दमौली बजारबाट सङ्कलन हुने दिसापिसाबको प्रयोग गरी घाँस उत्पादन गरिएको छ । उहाँले भन्नुभयो, "स्थानीयवासीलाई सामूहिक खेतीतर्फ पनि प्रोत्साहन गरेका छौँ । केन्द्रको सहयोगमा स्थानीयले सामूहिक घाँसखेती र मकैखेती गरिरहनुभएको छ ।"

बजेट अभावमा केन्द्र सञ्चालनका लागि समस्या रहे पनि विभिन्न दाता, सङ्घसंस्थाले गर्ने सहयोगले गाईलाई आहारा खुवाउन मद्दत मिलेको छ । सापकोटाले भन्नुभयो, "विभिन्न सहयोगी दाताहरूले जन्मदिनमा, वैवाहिक वर्षगाँठ, आमाबुबाको मुख हेर्ने दिनमा आएर चोकर, दाना सहयोग गर्नुपर्छ । ती सहयोगले यहाँ रहेका गाईको हेरचाह गर्न सहयोग पुगेको छ ।"

व्यास नगरको सहयोगमा यहाँ तीन र केन्द्रबाट एक जना कर्मचारी नियुक्त गरिएको सापकोटाले जानकारी दिनुभयो । नगरपालिकाले मासिक रु पाँच लाख परालका लागि विनियोजन गरे पनि उक्त रकम पर्याप्त नभएको उहाँको भनाइ छ । हाल यहाँ एक सय २० गाई छन् । "यस ठाउँलाई पञ्चकव्य बनाउने योजना छ । केन्द्रमा दूध दिने २० वटा गाई छन् । पञ्चकव्य स्थापनापछि ती गाईलाई छुट्टै राखेर पाल्ने योजना बनाइएको छ । गाईको पिसाब र गोबरबाट विभिन्न मल तथा अन्य वस्तु बनाएर बिक्री गर्ने योजना बनाइएको छ", सापकोटाले भन्नुभयो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# धितोमा रहेको घरजग्गा बिक्री बारेको ३५ दिने सूचना

प्रकाशित मिति २०८२/०२/१४ गते (पोखरापत्र राष्ट्रिय दैनिक)

यस कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि. बाट तपसिलमा उल्लेखित सदस्यले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनुभएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा ब्याज एवम् अन्य दै-दस्तुर रकम समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गर्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरि जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि नतिरी बसेकाले यस संस्थाको ऋण असुली नीति २०८० को अधिकार प्रयोग गरी आजको मितिले ३५ दिनभित्र धितो लिलाम बिक्रीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | ऋणीको फोटो | ऋणी सदस्यको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १. |  | **नाम थरः सर्मिला गुरुङ** ना. प्र. प. नं.: २३३१२, कास्की ठेगानाः पोखरा -१३, कास्की हालः पोखरा १३, कास्की पतिको नामः कमान सिं गुरुङ ससुराको नामः पतिराम गुरुङ | **सर्मिला गुरुङ**को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पोखरा १३ को कि.नं. १६९ र १९७ को क्षेत्रफल क्रमशः ८९ र ६० व.मि. र सो जग्गामा बनेको घर |

**धितो लिलाम बिक्रीको शर्त तथा बन्देजहरुः**

१) बोलपत्र फाराम यस सहकारी संस्था लि.को मिति २०८२/३/१७ गतेभित्र कार्यालय समयमा रु १,००० (एक हजार रुपैया मात्र ) भुक्तान गरी प्राप्त गर्न सकिनेछ।
२) डाँक बढाबढ सूचनामा तोकिए बमोजिमको मिति समय र स्थानमा स्वयम् उपस्थित हुनुपर्नै छ। म्याद नाघी वा रित नपुगी आएको बोलपत्र कुनै कारबाही हुने छैन।
३) डाँक बढाबढ बुझाउने अन्तिम दिन बिदाको दिन परेमा सो दिनको भोलिपल्ट कार्यालय खोलेको दिन दिउँसो ठिक ४:०० बजेसम्ममा डाँक बढाबढ बोलपत्र खोल्न सकिने छ।
४) डाँक बढाबढ बोलपत्र आफुले सकार गरिलिन चाहेको रकम अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ।
५) डाँक बढाबढ बोलपत्र आफुले कबुल गरेको रकमको १० प्रतिशत रकम संस्थाको नाममा खिचिएको ड्राफ्ट/चेक/नगद जम्मा भौचर समेत डाँक बढाबढ बोलपत्र साथ समाबेश गरी पेश गर्नुपर्नेछ।
६) बढी रकम बोल गर्नेको स्विकृत भएमा नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ती आफ्नो नाममा नामसारी गर्ने प्रक्रिया अगाडि बढाउनु पर्नेछ। उक्त बाँकी रकम तोकिएको समयम नबुझाएमा धरौटी बापत बुझाएको १० प्रतिशत रकम स्वत जफत हुनेछ।
७) कुनै पनि अबस्थामा लिलाम प्रक्रिया रद्ध गर्ने वा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित हुनेछ।
७) इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ती जहा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा खरिद गर्नुपर्ने छ।
८) सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा ६ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा संस्थालाई चित्त बझ्दो नभएमा प्रचलित सहकारी ऐन अनुसार संस्थाले उक्त सम्पत्ती सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
९) उक्त लिलाममा राखेको सम्पत्तीको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेसजन, दस्तुर, सम्पत्ती कर, स्थानिय कर र धारा/बिजुली शुल्क सम्पूर्ण बक्यौता समेत सम्पूर्ण दायित्व आदि सकार गर्ने ब्यक्ति आफैले तिर्नु पर्ने छ।
१०) उक्त सम्पत्ती लिई सकेपछि सो को सम्पूर्ण जवाफ स्वयम् खरिदकर्ताको हुनेछ।
११) लिलाम बढाबढ बोलकबोल रकम वा धरौटी बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता पाईने छैन।

**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा-१३, बाँझापाटन
फोन नं.: ०६१-५८३८८१, ५२०६७३

## विमालेख हरायो

यहि मिति २०८२/०१/०२ गतेपृथ्वीचोक बाट महेन्द्रपुल जाने क्रममा साविक रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनीमा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं. को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

विमितको नामः नीति वास्तोला
विमालेख नं. ४०७००००१४३२
सम्पर्क नं. ९८४५५३३३०६, ०६१५५३६५२

HIMALAYANLIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं २५९७९

## हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

| क्र.सं. | बीमालेख | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | GLI0610014402 | हरि बहादुर चोखाल | बेनी-९, म्याग्दी |
| २ | GLI0610001064 | सन्देश थापा | कावासोती-१७, नवलपरासी |
| ३ | GLI0610013366 | शंकर जि.सी. | जैमिनी-७, बाग्लुङ |

# प्रेस युनियनको स्थापना दिवसमा खाद्यान्न वितरण

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ



नेपाल प्रेस युनियनको ३४ औं स्थापना दिवसको अवसरमा युनियन, कास्की शाखाले खाद्यान्न वितरण गरेको छ।

प्रेस युनियन कास्की शाखाको आयोजनामा मंगलबार पोखरा १५ टुटुंगास्थित पोखरा आरोग्य आश्रममा रहेको कुष्टरोग प्रभावितहरुलाई खाद्यान्न सामाग्री सहयोग गरेको हो। कार्यक्रममा युनियन, कास्कीका अध्यक्ष वासुदेव मिश्र, गण्डकी प्रदेश अध्यक्ष टंक अधिकारीसँगै कार्यसमितिका पदाधिकारी र सदस्यहरुले चामल, दाल, चिनी, नुन, चाउचाउ, बिस्कुटलगायत खाद्यान्न सामाग्री वितरण गरेको हो। कार्यक्रममा युनियन गण्डकी प्रदेश अध्यक्ष अधिकारीले श्रमजिवी पत्रकारको हकहितको रक्षार्थ नेपाल प्रेस युनियनले काम गर्दै आएको बताए। पत्रकारको हकहित र पेशागत अधिकार रक्षाका लागि अन्य संघसंस्थासँग सहकार्य गर्दै अघि बढ्ने उनको भनाइ थियो। पोखरा आरोग्य आश्रमका अध्यक्ष सुवाष तझ्याले पत्रकारिताको माध्यमबाट मुलुकको भलो गर्ने पत्रकारको संस्थाको स्थापना दिवसमा मनाइने कार्यक्रमले आगामी दिनमा अझ राम्रा कार्यक्रमका साथ अघि बढ्न प्रेरणा मिल्ने बताए। स्थापना दिवका अवसरमा आरोग्य आश्रमलाई सहयोग गरेकोमा उनले धन्यवाद पनि दिए।

आश्रमका बारेमा जानकारी दिदैं उनले पछिल्लो समय कुष्ट प्रभावितहरु बढ्दै गएको बताए। प्रभावित बढिरहेको अवस्थामा सरकारले यसको रोकथाम र जनचेतनामा ध्यान दिनुपर्ने उनको भनाइ थियो।

जनचेतनाका कारण पनि कुष्ट प्रभावितहरु खुल्न थालेकाले यसको संख्या बढेको उनले सुनाए। आरोग्य आश्रममा केही समस्या भएपनि समस्यालाई चिर्दै आगामी दिनमा अझ राम्रो गतिविधि गर्दै जाने उनले जानकारी दिए।

प्रेस युनियन कास्कीका अध्यक्ष वासुदेव मिश्रको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत उपाध्यक्ष ज्याति हमाल र सञ्चालन सचिव धनबहादुर गुरुङले सञ्चालन गरेका थिए।

# जनप्रतिनिधिहरु दौडने मासिक दौडमा जनप्रतिनिधीहरु दौडने

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ

पोखरामा नियमित हुँदै आएको मासिक दौड अन्तर्गत यो महिना जेठ १७ गते हुने दौडमा जनप्रतिनिधीहरु दौडने भएका छन्।

मासिक दौड कार्यक्रम अन्तर्गत आयोजना हुने जनप्रतिनिधि दौड भने नेपाल भूतपूर्व खेलाडी मञ्चको रजत वर्षको अवसरमा घोषणा गरिएको दौड कार्यक्रम हो। ५ किमि जनप्रतिनिधि दौड संगै ५ किमि छात्र/छात्रा दौड समेत हुने मञ्चका अध्यक्ष दिल बहादुर गुरूङले जनाएका छन्।

पोखरा रंगशालामा तय गरिएको उक्त दौडका लागि पोखरा महानगर पालिकाको समते सहकार्य रहने मञ्चका पूर्व अध्यक्ष एवं मासिक दौडका परिकल्पनाकार तेज बहादुर गुरूङले बताए।

यो पटक नियमित हुँदै आएको तीन किमि छात्र/छात्रा दौड यो महिना स्थागित गरी ५ किमिलाई निरन्तरता दिइएको निवर्तमान अध्यक्ष हरि प्रसाद पराजुलीले बताए। जेठ १७ गते हुने मासिक दौड छैटौं संस्करणको समेत हुने उनले जानकारी दिए।

# पर्यटकीय क्षेत्र ठूल्डाँडामा 'फनपार्क' निर्माण

पोखरापत्र संवाददाता
बागलुङ, १३ जेठ



बागलुङको बरेङ गाउँपालिका-१ र २ को सिमानामा पर्ने पर्यटकीय क्षेत्र ठूल्डाँडामा 'फनपार्क' निर्माण गरिएको छ। बरेङ बजार नजिकै रहेको ठूल्डाँडा क्षेत्रमा गाउँपालिकाले रु ४० लाख लागतमा 'फनपार्क' निर्माण गरी सञ्चालनमा ल्याएको हो।

पार्क सञ्चालनमा आएपछि आन्तरिक पर्यटकको सङ्ख्या बढ्दै गएको छ। तीन वर्ष अगाडि निर्माण सुरु गरिएको पार्क यसै वर्षदेखि सञ्चालनमा आएको गाउँपालिका कार्यालयले जनाएको छ। एक दशक अगाडिसम्म झाँडीले ढाकिएको उक्त क्षेत्र अहिले रमणीय बनेको स्थानीय बताउँछन्। पार्क निर्माण भएपछि बरेङसहित बागलुङको गलकोट, जैमिनी, गुल्मी, स्याङ्जालगायत ठाउँबाट आन्तरिक पर्यटक घुम्न आउने गरेका स्थानीय चित्र थापाले बताउनुभयो। गर्मीयाम सुरु भएपछि पार्कमा रहेका रुखका छहारीमा बस्न आउनेको सङ्ख्या बढेको उहाँको भनाइ छ। करिब दुई हेक्टर क्षेत्रफलमा बनेको पार्कमा बालबालिकाका लागि खेल्ने, वनभोजस्थल, भवन, फोटो खिच्नेस्थाललगायत पूर्वाधार बनेकाले आन्तरिक पर्यटकको आकर्षण बढेको थापाले उल्लेख गर्नु भयो। बरेङका सबै वडासहित गुल्मी, स्याङ्या, माछापुछ्रेलगायत हिमालहरू अवलोकन गर्न सकिने भएकाले ठूल्डाँडा र पार्क पर्यटकका लागि आकर्षण केन्द्र बनेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "पहिले हामीले यहाँ गाईभैंसी चराउने गर्थ्यौं, अहिले सुन्दर पार्क बनेको छ। सामाजिक सञ्जालको प्रयोगले पार्कको प्रचारप्रसार भएपछि आन्तरिक पर्यटक आउने गरेका छन्, यहाँ फोटो, भिडियो खिच्न, वनभोज खान, हिमालको अवलोकन गर्न पर्यटक आउने गरेका छन्।" बरेङ गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्माले पदमार्ग र मोटरबाटोले ठूल्डाँडा जोडेपछि पर्यटकको आगमनमा वृद्धि आएको बताउनुभयो। ठूल्डाँडामा पार्कसहित खानेपानी, शौचालय, बालबालिकाका लागि खेल्ने स्थान, वनभोजस्थल, आरामका लागि भवन, फोटो खिच्न पूर्वाधार बनाइएको उहाँको भनाइ छ। पार्कमा खुला व्यायामशालासमेत निर्माण गरिएको अध्यक्ष शर्माले जानकारी दिनुभयो। "यो ठाउँ प्राकृतिक सुन्दरताले भरिपूर्ण भए पनि प्रचारप्रार र पर्याप्त पूर्वाधार नहुँदा आभ्fेलमा परेको थियो, यसलाई संरक्षण र प्रवर्द्धन गरी स्थानीयको आयआर्जनको स्रोत विकास गर्नुपर्छ भन्ने उद्देश्यल यहाँ पूर्वधार निर्माण गर्‍यौं, पदमार्ग र मोटरबाटो दुवैले जोड्यौं", अध्यक्ष शमाले भन्नुभयो, "अहिले 'फनपार्क'मा व्यायामशालासहित थुप्रै संरचना बनेका छन्, जसले गर्दा यहाँ दैनिक पर्यटक आउने गरेका छन्। वरपर रहेका रुखसहित पोखरी पनि संरक्षण गरेर राखेका छौं।"

# गणतन्त्र दिवसको पूर्वसन्ध्यामा सरसफाइ

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ

गणतन्त्र दिवसको पूर्वसन्ध्यामा पोखराको प्रमुख पर्यटकीय स्थल फेवातालको ड्यामसाइड क्षेत्रमा विशेष सरसफाइ गरिएको छ।

पोखरा महानगरपालिकाको व्यवस्थापन तथा गणतन्त्र दिवस मूल समारोह समितिको आयोजनामा उक्त सरसफाइ कार्यक्रम मंगलबार गरिएको हो। कार्यक्रममा पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, गण्डकी प्रदेश सरकारका मुख्यसचिव रघुराम विष्ट, कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, जनप्रतिनिधिहरू, नागरिक समाजका अगुवा राम बहादुर पौडेल तथा वातावरण संरक्षणमा सक्रिय व्यक्तित्वहरू, सशस्त्र प्रहरी, नगर प्रहरी तथा स्थानीयवासी सहित विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उल्लेखनीय सहभागिता रहेको महानगरले जनाएको छ। फेवाताल क्षेत्रको वातावरणीय संरक्षण गर्दै गणतन्त्र दिवसको सन्देशलाई व्यवहारमा उतार्नु उक्त कार्यक्रमको मुख्य उद्देश्य रहेको मेयर आचार्यले जनाउनु भयो।

सहभागीहरूले ड्यामसाइड क्षेत्र वरपर जम्मा भएको प्लास्टिकजन्य फोहोर, बोटबिरुवा, फालीएका पत्ताहरू तथा बगेर आएका फोहोर पदार्थहरूको सफाइ गर्नु भएको थियो। मेयर आचार्यले भने, "फेवाताल पोखराको गौरव हो, यसलाई सफा राख्न महानगर मात्र होइन, सबै नागरिकको सरोकार र दायित्व हो। यस्तो सामूहिक प्रयासले जनचेतना जगाउँछ र हाम्रो प्राकृतिक धरोहरलाई बचाउने दिशामा थप टेवा पुर्‍याउँछ।"सरसफाइ कार्यक्रममा सहभागीहरूले 'वातावरण बचाऔं, फेवाताल जोगाऔं', 'फोहोर नगर्नुहोस्, नगरप्रेमी बन्नुहोस्' भन्ने नारा सहित जनचेतनामूलक प्लेकार्डहरू पनि प्रदर्शन गर्नु भएको थियो। कार्यक्रमले फेवातालको संरक्षण र सफाइ प्रति सामाजिक सहभागिता र उत्तरदायित्वको भावना थप बलियो बनाउने अपेक्षा गरिएको छ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, कास्की

मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८२/०२/१३

कास्की जिल्ला मौजे तल्लोकोट ३ नं. का जि.मु. डंडी प्रसाद अधिकारी जैसी काभ्रे जिम्माका जग्ये प्रसाद जिम्मा साविक १९९० सालको सालको खेत तर्फको मोठ लगत बमोजिम मोठ नं. ३९२ मोही नं. ९७ कित्ता नं. ३२६ माधे बास्तला जैसीको नाउँमा साविक दर्ता भएको २०३४ सालसम्मको तिरो माधौ वास्तोलाको नामबाट तिरेको भु.सु. ७ नं. फाराममा लगत दिएको सर्भे नापीमा पुरुन्चौर वडा नं. ४ को कि.नं. १२८ क्षे.फ. ०-१५-०-२ विरहमा धान किसिममा दोयम भएको जग्गा फिल्डबुकमा माधव प्रसाद बास्तोलाका नाउँमा कायम भएको दर्ता छुट हुन गएको माधव प्रसाद वास्तोलाको मिति २०५२।१०।२६ मा मृत्यु भएको मृतककी एकमात्र श्रीमती हिमा देवी बास्तोलाको मिति २०७७।०८।०५ मा मृत्यु भएको मृतक दम्पतिबाट ३ छोराहरु भानुभक्त बास्तोला, भिम प्रसाद वास्तोला र छविलाल बास्तोलाको जायजन्म भएको बाबा आमाको शेखपछि हामीले नै भोगचलन गर्दै आएको उक्त जग्गा हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी कास्की जिल्ला साबिक पुरुन्चौर-३ हाल पोखरा म.न.पा. वडा नं. १९ बस्ने भानुभक्त बास्तोला, भिम प्रसाद बास्तोला र छविलाल वास्तोलाले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजहरुको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाण सहित दाबी उजुरी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुर बाजुर लाग्ने छैन।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | पुरन्चौर | ४ | १२८ | ०-१५-०-२ | धान | दोयम | माधव प्रसाद बास्तोला |

ईति संवत २०८२ साल जेठ १३ गते रोज ३ शुभम्।

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८१२/०२/१३

यस कार्यालयबाट मिति २०७७/०६/१२ मा कास्की जिल्ला माछापुच्छ्रे-७, कास्कीमा संचालन गर्ने गरि माछापुच्छ्रे-७ कास्की निवासी मनहरी भण्डारीको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १७६०४/०७७/०७८ को इदिखोला हरियाली कृषि फर्म नामक फर्मको प्रोप्राईटरले मिति २०८२/०२/१३ मा फर्म बन्द गरीपाँउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

पर्यटन तथा उद्योग कार्यालय
कास्की

सदस्यलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

प्रकाशित मिति २०८२/०२/१४ गते (पोखरापत्र राष्ट्रिय दैनिक)

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवम् हर्जना व्याज समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराउदा समेत आफुले बुझाउनुपर्ने पुरा रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थालाई बुझाउन पर्ने सम्पूर्ण सावा ब्याज, हर्जना ब्याज, तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला वा बुझाउनु भएको भए प्रमाणीत कागजात सहित संस्थामा उपस्थित हुनुहोला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

तपसिल

| क्र.सं. | ऋणीको फोटो | ऋणीको नाम र ठेगना | जमानी बस्नेको नाम र ठेगना | धितोमा रहेको सम्पतिको विवरण |
|---|---|---|---|---|
| १. |  | नाम थरः रामचन्द्र बहादुर भट्टराई<br>ना.प्र.प.नं:१२०९८५-कास्की<br>ठेगानाः पोखरा-१७ कास्की<br>बाबुको नामः रत्न बहादुर भट्टराई<br>बाजेको नामः भक्त बहादुर | नामः बेदान्त जंग भट्टराई<br>ना.प्र.प.नं:४६-०१-७५-०४०३०<br>ठेगानाः पोखरा लेखनाथ -१७ कास्की<br>बाबुको नामः रामचन्द्र बहादुर भट्टराई<br>बाजेको नामः भक्त बहादुर | रामचन्द्र बहादुर भट्टराईको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पदेली-२ (हाल पो.म.न.पा १८) को कित्ता नं ११३६, ८०० को क्षेत्रफल क्रमशः २-१३-०-१ वर्गमिटर १४३२.७४ र २-१३-०-३ वर्गमिटर १४३६.७२ जग्गा |
| २. |  | नाम थरः भगवती देवी भट्टराई<br>ना.प्र.प.नं:४६-०१-७४-०६१७२-कास्की<br>ठेगानाःपोखरा लेखनाथ-१७ कास्की<br>पतिको नामः रत्न बहादुर भट्टराइ<br>ससुराको नामः भक्त बहादुर | नामः बेदान्त जंग भट्टराई<br>ना.प्र.प.नं:४६-०१-७५-०४०३०<br>ठेगानाः पोखरा लेखनाथ -१७ कास्की<br>बाबुको नामः रामचन्द्र बहादुर भट्टराई<br>बाजेको नामः भक्त बहादुर | रामचन्द्र बहादुर भट्टराईको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पदेली-२ (हाल पो.म.न.पा १८) को कित्ता नं ११३६, ८०० को क्षेत्रफल क्रमशः२-१३-०-१ वर्गमिटर १४३२.७४ र २-१३-०-३ वर्गमिटर १४३६.७२ जग्गा |
| ३. |  | नाम थरः वैदेही भट्टराई<br>ना.प्र.प.नं:४६-०१-७८-००२६३-कास्की<br>ठेगानाःपोखरा म.न.पा.-१७ कास्की<br>बाबुको नामः रामचन्द्र बहादुर भट्टराई<br>बाजेको नामः भक्त बहादुर | नाम थरः रामचन्द्र बहादुर भट्टराई<br>ना.प्र.प.नं:१२०९८५-कास्की<br>ठेगानाः पोखरा-१७ कास्की<br>बाबुको नामः रत्न बहादुर भट्टराई<br>बाजेको नामः भक्त बहादुर | वैदेही भट्टराईको मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पदेली ३ को कित्ता नं ४१३ को क्षेत्रफल ०-१५-३-० वर्गमिटर ५००.७० जग्गा |
| ४. |  | नामः बिनिता कार्की(भट्टराई)<br>ना.प्र.प.नं: १४२०-मोरङ<br>ठेगानाः पोखरा-१७ कास्की<br>पतिको नामः रामचन्द्र बहादुर भट्टराई<br>ससुराको नामः रत्न बहादुर भट्टराई | नामः बेदान्त जंग भट्टराई<br>ना.प्र.प.नं:४६-०१-७५-०४०३०<br>ठेगानाः पोखरा लेखनाथ-१७ कास्की<br>बाबुको नामः रामचन्द्र बहादुर भट्टराई<br>बाजेको नामः भक्त बहादुर | रामचन्द्र बहादुर भट्टराईको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पदेली-२ (हाल पो.म.न.पा १८) को कित्ता नं ११३६, ८०० को क्षेत्रफल क्रमशः२-१३-०-१ वर्गमिटर १४३२.७४ र २-१३-०-३ वर्गमिटर १४३६.७२ जग्गा |
| ५. |  | नामः बेदान्त जंग भट्टराई<br>ना.प्र.प.नं:४६-०१-७५-०४०३०<br>ठेगानाः पोखरा लेखनाथ-१७ कास्की<br>बाबुको नामः रामचन्द्र बहादुर भट्टराई<br>बाजेको नामः भक्त बहादुर | नामः बिनिता कार्की(भट्टराई)<br>ना.प्र.प.नं: १४२०-मोरङ<br>ठेगानाः पोखरा-१७ कास्की<br>पतिको नामः रामचन्द्र बहादुर भट्टराई<br>ससुराको नामः रत्न बहादुर भट्टराई | रामचन्द्र बहादुर भट्टराईको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पदेली-२ (हाल पो.म.न.पा १८) को कित्ता नं ११३६, ८०० को क्षेत्रफल क्रमशः२-१३-०-१ वर्गमिटर १४३२.७४ र २-१३-०-३ वर्गमिटर १४३६.७२ जग्गा |

कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
पोखरा-१३, बाँझापाटन
फोन नं.: ०६१-५८३८८१, ५९०६७३